# भाग ४

श्री ५ को सरकार

## गृह मन्त्रालयको

### सूचना १

श्री ५ को सरकारले जिल्ला कार्यालय दोलखाका प्रमुख जिल्ला अधिकारी श्री ईश्वरप्रसाद श्रेष्ठ मिति २०४७।७।२७ देखि बिदामा बस्नुभएकोले उहाँ बिदा बसेको मितिदेखि नै लागू हुने गरी बिदाबाट फर्की कार्यालयमा हाजिर नभएसम्मको लागि नि. से. नि., २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड(ख) ले दिएको अधिकार प्रयोग गरी सो प्र. जि. अ. पदमा सोही कार्यालयको प्रशासकीय अधिकृत श्री चण्डेश्वर पोखरेललाई मिति २०४७।८।३ को निर्णयानुसार का. मु. मुकरर गरेको छ।

### सूचना २

श्री ५ को सरकारको मिति २०४७।७।३० को निर्णयानुसार नेपाल प्रशासन सेवा, रा. प. तृतीय श्रेणीका देहायका अधिकृतहरूलाई देहायबमोजिम सरुवा गरेको छ।

| क्र. सं. | नाम थर | साबिक पद तथा कार्यालय | सरुवा भएको पद तथा कार्यालय |
|---|---|---|---|
| १. | श्री रेशमबहादुर पाण्डे | अध्यागमन अधिकृत, (शा.अ.) अध्यागमन विभाग | प्रशासकीय अधिकृत, जिल्ला कार्यालय, प्यूठान। |
| २. | श्री श्रीबत्स आचार्य | प्रशासकीय अधिकृत, जिल्ला कार्यालय, प्यूठान | प्रशासकीय अधिकृत जिल्ला कार्यालय, काठमाडौं। |
| ३. | श्री रोहितकुमार भट्टराई | प्रशासकीय अधिकृत, जि.का. सर्लाही, | प्रशासकीय अधिकृत जिल्ला कार्यालय, मोरङ। |

### सूचना ३

श्री ५ को सरकारको मिति २०४७।८।३ को निर्णयानुसार नेपाल प्रशासन सेवा, रा.प. तृतीय श्रेणीका अधिकृत श्री परशुराम अर्यालाई गृह मन्त्रालय वा अन्तर्गतबाट शाखा अधिकृत सीमा प्रशासन शाखा सोलुखुम्बुमा पदस्थापन गरेको छ।





आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग